## सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन

### पृष्ठभूमिः

स्थानीय तहबाट सञ्चालित विकास कार्यक्रम, उपलब्ध सेवा, बस्तु र सुविधा सार्वजनिक गरी त्यस्ता विकाषयमका सम्बन्धमा सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्न, जिज्ञासा र सुझावहरु समेतमा स्पष्टता ल्याउने र नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्न तथा जिम्मेवार संस्कार बसाउन गरिने विभिन्न क्रियाकलाप मध्ये सार्वजनिक सुनुवाई पनि एक हो । पारदर्शिता, शुशासन, जवाफदेहिता र जिम्मेवारी वहन गरी समग्र सेवा प्रवाहमा प्रभावकारीता ल्याउन तथा जनताका अपेक्षा पुरा गर्न सार्वजनिक निकायहरुलाई जवाफदेही बनाउन यस प्रकारका कार्यक्रम अत्यन्त महत्वपूण मानिन्छ । स्थनीय सरकार र नागरिकका बीचमा दोहोरो सम्बाद स्थापित गर्न र त्यस्तो सम्बादबाट जनतालाई विकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शीताको माध्यमद्धारा स्थानीइ तहको विकास निर्माण कार्य, सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्मेवारी को संस्कार बसाउन यस प्रकारका कार्यक्रम महत्वपूण हुने भएको तथा यस प्रकारका कार्यक्रम आयोजनाबाट स्थानीय तहको कार्यसम्पादन सूचकमा समेत सुधार आउने अपेक्षा गरिएको छ ।

नेपालको संविधानमा ३ तहको सरकारको व्यवस्था भए संगै स्थापना भएको फलेवास नगरपालिकाद्धारा प्रदान गरिने सेवा सुविधा र स्वीकृत भएका विभिन्न योजना तथा कार्यक्रमहरु नियमित रुपमा कार्यान्वयन गर्दा तीनको प्रभवकारी कार्यान्वयन गर्दा पारदर्शी, गुणस्तरीय र नागरिक मैत्री बनाउन विभिन्न व्यवस्था गरको छ । सोही सन्दर्भमा वार्षिक समीक्षा गर्ने, सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गर्ने, विभिन्न प्रकाशन मार्फत योजना तथा कार्यक्रम सार्वजनिक गर्ने, नागरिक बडापत्र प्रकाशन गर्ने जस्ता शुशासन कायम गर्न गर्नुपर्ने केहि औजारहरु वार्षिक रुपमा कार्यान्वयन गरिरहेको छ । चालु आ.व.मा समेत कम्तिमा ३ चौमासिक अवधिमा कम्तिमा ३ वटा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गर्ने गरी वार्षिक योजना तथा कार्यक्रममा वजेट समेत व्यवस्था गरेको छ । यसै सन्दर्भमा आ.व. ०७८।७९ को पहिलो चौमासिकमा वडा नं ९ भुंगरामा, दोस्रो चौमासिकमा फनपा २ थापाठाना र तेस्रो चौमासिकमा वडा नं १० कुर्घामा आयोजना गर्ने कार्ययोजना अनुसार ३ वटै कार्यक्रम सम्पन्न भएका छन ।

### सार्वजनिक सुनुवाई गरिएको वडाहरु र स्थानः

मिति २०७८।०७।२९ गते फ.न.पा. ९ भंगरामा वडा कार्यालयको प्रांगणमा आयोजना गरिएको थियो ।
मिति २०७८।१२।२९ गते फ.न.पा. २ थापाठानाको वडा कार्यालयको प्रांगणमा आयोजना गरिएको थियो ।
मिति २०७९।०३।२९ गते फनपा २ कुर्घाको वडा कार्यालयको सभा हलमा सम्पन्न गरिएको थियो ।

**सहजीकरण** : तीनबटै कार्यक्रममा रेडियो पर्वतका स्टेशन मेनेजर पत्रकार लक्ष्मण वि.क. द्धारा सहजीकरण गरिएको थियो

**सहभागिता** : सार्वजनिक सुनुवाई कार्यक्रममा भंगरामा करिव ९५ जना र थापाठानामा ७५ जनाको सहभागिता रहेको थियो भने कुर्घामा ६२ जना भन्दा बढिको सहभागिता रहेको थियो । जसमा फलेवास नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुखहरु, वडा जनप्रतिनिधि र वडा कार्यालयका कर्मचारीहरु, राजनैतिक दलका प्रतिनिधिहरु, पत्रकार, टोल विकास संस्थाका अध्यक्ष एवं प्रतिनिधिहरु, महिला स्वास्थ्य स्वयंसेविकाहरु, संघसंस्थाका प्रतिनिधिहरु, उपभोक्ता समितिका अध्यक्ष एवं पदाधिकारी, स्थानीय समाजसेवी लगायतका व्यक्तित्वहरुको सहभागिता रहेको थियो ।

कार्यालयको तर्फबाट सम्पूर्ण शाखा प्रमुखको उपस्थिति रहेको थियो । नागरिकका सवाल, जिज्ञासाहरु शाखा प्रमुख र कार्यालय पूमुखद्धारा स्पष्ट पार्ने कोशिष गरिएको थियो । सहभागि शाखामा शिक्षा, योजना, उद्योग, बन वातावरण र

फलेवास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खानीगाउँ, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

नि.प्रमुख प्रशासकीय अधिकृत

विपद, प्रशासन, स्वास्थ्य, कृषि, पशु, शहरी शासकीय तथा पूर्वाधार आयोजना, प्रधानमन्त्री रोजगार, क्लिन ग्रीन फलेवास, पञ्जिकरण, लगायत वडा कार्यालयका कर्मचारी समेत सहभागी भएका थिए ।

**सार्वजनिक सुनुवाई कार्यक्रमको ढाँचा :**

१ अध्यक्षता ग्रहण, आसन ग्रहण ( कार्यक्रम शुरु भएको घोषणा गर्ने ),
२ कार्यक्रमको उद्देश्य र औचित्य बारे जानकारी गराउने,
३ आचार संहिता बारे जानकारी गराउने,
४ सार्वजनिक सेवा प्रवाह तथा योजना कार्यक्रमको बारेमा जानकारी (उ.स. अध्यक्ष र कार्यालयको तर्फबाट),
५ सहभागीबाट परिचय सहित मौखिक तथा लिखित प्रश्न र सुझावहरु संकलन गर्ने,
६ जिम्मेवार पदाधिकारीद्धारा जिज्ञासाको प्रष्ट्याउने,
७ जप जिज्ञासा आह्वान गर्ने,
८ थप जिज्ञासाको स्पष्ट पार्ने,
९ समापन मन्तब्य, धन्याबाद र समापन ।

**सार्वजनिक सुनुवाई कार्यक्रमको उदेश्य :**

१ स्थानीय तहबाट सञ्चालित विकास कार्यक्रम बारे जानकारी गराउने,
२ सार्वजनिक सेवा प्रवाह, सेवा सुविधा सार्वजनिक गर्ने,
३ नागरिकबाट जिज्ञासा संकलन गर्ने,
४ सुझावहरु, समस्याहरु र समाधानका उपायहरु तथा भएका प्रयासहरु बारे छलफल र समीक्षा गर्ने,
५ भाबी कार्यक्रमको बारेमा सुझाव संकलन गर्ने तथा जानकारी गराउने,
६ पारदर्शिता, जवाफदेहीता र गुणस्तर बृद्धिमा सहयोग पुर्‍याउने,
७ विकास प्रक्रियामा नागरिकको प्रतिनिधित्व र अपनत्व बढाउन सहयोग गर्ने,
८ सेवा प्रवाह थप गणस्तरीय र प्रभावकारी बनाउन सहयोग पुर्‍याउने,

**सार्वजनिक सुनुवाई कार्यक्रमको आचार संहिता :**

१ सहभागी बोल्न हात उठाएर संकेत गर्ने, पालैपालो कुरा राख्ने,
२ सहभागीले प्रश्न वा सुझाव केहो पहिले स्पष्ट गर्ने, परिचय सहित कुरा राख्ने,
३ सहजकर्ताले बोल्न संकेत गरेपछि मात्र आफ्नो नाम ठेगाना सहित प्रश्न, जिज्ञासा वा सुझाव राख्ने,
४ बुंदागत रुपमा छोटकरीमा आफ्नो कुरा राख्ने,
५ विषय बस्तु नदोहोर्‍याई राख्ने,
६ चित्त नबुझेमा पुन समय लिएर आफ्ना कुरा राख्ने,
७ कसैप्रति टिकाटिप्पणी नगर्ने, लाञ्छनायुक्त भाषा प्रयोग नगर्ने, मर्यादित शब्द प्रयोग गर्ने,
८ बदलाको भावनाबाट प्रस्तुत हुन नपाईने,
९ सुझाव र समाधान सहित समस्या प्रस्तुत गर्ने,
१० सुनुवाईलाई विषयान्तर नगर्ने र सफल पार्न सावै शालिनतापूर्वक लाग्ने,

**सहभागी र जिज्ञासा :**

३ वटा वडामा भिन्दा भिन्दै मितिमा आयोजना गरिएको सार्वजनिक सुनुवाई तथा विकास सम्बाद कार्यक्रममा कुल सहभागीको संख्या देहायअनुसार रहेको थियो ।

| सहभागी | भंगरा | थापाठाना | कुर्घा | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| महिला | ४१ | ३४ | १४ | ८९ | |

२०८१।३।१४०

फलेवास नगरपालिका नगर कार्यपालिकाको कार्यालय खानीगाउँ, पर्वत गण्डकी प्रदेश, नेपाल २०७२

३।१४०
नि.प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| पुरुष | ५४ | ४१ | ४८ | १४३ | |
| जम्मा | ९५ | ७५ | ६२ | २३२ | |

जिज्ञासा तथा सुझावमा सहभागीहरुको विवरण :

| सहभागी | भंगरा | थापाठाना | कुर्घा | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| महिला | ४ | ७ | ४ | १५ | |
| पुरुष | १६ | ६ | २० | ४२ | |
| जम्मा | २० | १३ | २४ | ५७ | |
| जिज्ञासा सुझाव तथा योजना माग लगायतका उठाइएका सवालहरुको विवरण | | | | | |
| जिज्ञासा | ५ | ३ | ५ | १३ | |
| सुझाव | ३ | २ | ४ | ९ | |
| प्रश्नोश्त्तर | १ | १ | ० | २ | |
| स्पष्टता | ३ | २ | ७ | १२ | |
| योजना माग | ८ | ५ | ८ | २१ | |

**सहभागीको जिज्ञासा तथा सवालहरुको स्पष्ट पार्ने कार्यमा सहभागी :**

३ वटा वडामा सहभागीहरुद्धारा उठान भएका सवाल तथा स्पष्ट हुन चाहने सहभागीहरुको सवाल बारेमा प्रष्ट पार्न फलेवास नगरपालिकाको तर्फबाट तपसिलमा उल्लिखित प्रतिनिधि तथा कर्मचारीहरु सहभागी हुनुभएको थियो ।

१ नगर प्रमुख श्री पदमपाणी शर्मा र गंगाधर तिवारी

२ नि.प्रमुख प्रशासकीय अधिकृत श्री कृष्ण प्रसाद आचार्य

३ शाखा प्रमुखहरु ११ जना र अन्य कर्मचारीहरु सहभागी

**बजेट :**

कार्यक्रमको लागि कार्यालयको वार्षिक कार्यक्रममा वजेट व्यवस्थापन गरिएको छ । सोही कार्यक्रमबाट सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागी खाजा, कर्मचारी खाना तथा यातायात एवं भ्रमण खर्चको व्यवस्था गरिएको थियो ।

**निष्कर्ष :**


३ वटै वडामा आयोजना भएका कार्यक्रमहरु निकै प्रभावकारी रह्यो । नागरिकहरु आफुले राखेको जिज्ञासामा सन्तुष्ट र विश्वस्त हुन सकेको पाइयो । भने दिएका सुझाव र माग भएका कार्यक्रमको बारेमा कार्यालयद्धारा व्यक्त प्रतिवद्धता बाट विश्वश्त हुन सकेको देखिन्थ्यो । कार्यालयद्धारा सम्पादित कार्य पारदर्शी र उपलब्धी मुलक रहेको भावना तथा बुझाई नागरिकद्धारा व्यक्त भयो । केहि माग सम्बोधन हुन नसकेको र सो को लागि आवश्यक वजेट तथा कार्यक्रम विनियोजन गर्न अनुरोध भएको छ । कुर्घा र भंगरामा नयाँ कार्यालय भवन निर्माण कार्य सम्पन्न भएबाट सेवा प्रवाहमा प्रभावकारीता आएको देखिन्छ । भने थापाठानाको वडा कार्यालय भवन (शहरी विकास तथा भवन निर्माण डिभिजन पोखराद्धारा निर्माण कार्य भैरहेको) समयमा सम्पन्न हुन नसकेकोमा गुनासो सहित पहल गर्न सुझाव व्यक्त भएको । समग्रमा कार्यक्रम उद्देश्य मुलक र अपेक्षाकृत रुपमा सम्पन्न भएको छ । यसबाट समग्र सेवा प्रवाह र शुसाशनमा समेत टेवा पुग्ने विश्वास गर्न सकिन्छ ।

२०७१।१२।३०

फलेवास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खानीगाउँ, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

१२।३०
नि.प्रमुख प्रशासकीय अधिकृत








फलेबास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खानीगाउँ, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७२

२०७८।११।३०

नि.प्रमुख प्रशासकीय अधिकृत







[signature]
2081/3/30

फलेवास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खानीगाउँ, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७२

[signature] ।३।४

नि.प्रमुख प्रशासकीय अधिकृत